# कपुरकोट गाउँपालिका

## आ.व.२०७९।०८० स्वास्थ्य तर्फको वार्षिक प्रगति प्रतिवेदन


**प्रकाशक**

**कपुरकोट गाउँपालिका**

**स्वास्थ्य शाखा**

**सल्यान**

कपुरकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

www.kapurkotmun.gov.np
☎:०८८-४१००६९, ०८८-४१००७०

मितिः २०८०/०५/०१

## शुभकामना मन्तव्य

नेपालको संवैधानीक व्यवस्था अनुसार स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । नागरिकहरुलाई सहज रुपले स्वास्थ्य सेवा उपलव्ध गराउनु स्थानिय तहको प्रमुख दायित्व भित्र पर्दछ। आम नागरिकलाई गुणात्मक स्वास्थ्य सेवा प्रदान गरी स्वास्थ्य स्थितीमा सुधार गर्ने अभिप्रायले विगत र वर्तमानको स्वास्थ्य सेवा प्रवाहको अवस्था, स्वास्थ्य संस्थाको भौतिक अवस्था, जनशक्तीको व्यवस्था लगाएत कपुरकोट गाउँपालिका भित्र रहेका समष्टिगत स्वास्थ्यको मानचित्रलाई चित्रण गरी स्वास्थ्य शाखाले स्वास्थ्य क्षेत्र तर्फको वार्षिक प्रगती प्रतिवेदन २०७९/८० प्रकाशन गर्न लागेकोमा मलाई असाध्यै खुशी लागेको छ । प्रकाशित प्रतिवेदनले औल्याएका सूचकहरुलाई मनन गर्दै आगामी दिनमा स्वास्थ्य शाखा र सो मातहतका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिकबाट जनस्तरमा गुणस्तरिय स्वास्थ्य सेवामा थप सुधार हुने मैलें अपेक्षा गरेको छु। यो प्रतिवेदनले महत्वपूर्ण उपलव्धीहरुलाई संस्थागत गर्दै पृष्ठपोषणका रुपमा उठान गरिएका सुझावहरुलाई मार्ग निर्देशकका रुपमा अनुसरण गरि आगामी योजनामा समावेश गरेर कार्यान्वयमा लैजाने विश्वास मैले लिएको छु। अन्तमा यो प्रगति प्रतिवेदन तयार पार्नका लागी महत्वपूर्ण भुमिका निर्वाह गर्ने स्वास्थ्य शाखा प्रमुख सुवाश हमाल लगायत सम्पुर्ण स्वास्थ्यकर्मीहरु, पूर्व स्वास्थ्य शाखा प्रमुख अरुण दाहाल तथा सहयोगी टिम र यसको मुद्रण गर्ने महालक्ष्मी छापाखाना दाङलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै आगामी बर्षमा पनि यो कार्यले निरन्तरता पाउनेछ भन्ने अपेक्षा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ॥

**दुर्गा वहादुर पुन**
**अध्यक्ष**
**कपुरकोट गाउँपालिका**

"कृषि, पर्यटन र पूर्वाधारः कपुरकोट गाउँपालिका विकासको आधार"

कपुरकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल

**पत्र संख्याः-**
**चलानी नं.:-**

www.kapurkotmun.gov.np
☎:०८८-४१००६९, ०८८-४१००७०

## शुभकामना मन्तव्य

मितिः २०८०/०५/०१

यस कपुरकोट गाउँपालिका स्वास्थ्य शाखाले स्वास्थ्यको बस्तुस्थिती र विवरण अध्यावधिक गरी स्वास्थ्य तर्फको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। वास्तविकतामा आधारित स्वास्थ्यको अवस्था र बस्तु स्थिती जानकारी हुने भएकोले यो प्रतिवेदन अन्य पालिकाहरुको लागि समेत उदाहरणीय बन्ने मेरो विश्वास छ। वर्तमान अवस्थामा मुलुक संघियतामा परिचालित भएको अवस्थामा स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरिकको नैसंर्गिक अधिकार हो। संविधानमा व्यवस्था भए अनुरुप कुनै पनि नागरिक स्वास्थ्य सेवाबाट वन्चित हुन हुँदैन भन्ने मेरो धारणा छ। गत आ.ब.को स्वास्थ्य शाखा तर्फको कार्य सम्पादन तर्फ नजर लगाउदा कपुरकोट गाउँपालिकाको स्वास्थ्य शाखाको कार्य सम्पादन सल्यान जिल्लामै उत्कृष्ट हुनुले स्वास्थ्य शाखाको गरिमालाई अझ उच्च बनाएको महसुस मैले गरेको छु। अन्तमा कपुरकोट गाँउपालिका अन्तर्गत स्वास्थ्य सेवामा अहोरात्र खट्नु भएका सम्पुर्ण स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम्सेविका, लगायत अन्य सरोकारवाला संघ संस्थालाई हृदय देखि नै धन्यवाद तथा यस प्रगति प्रतिवेदनको सफलताको शुभकामना ब्यक्त गर्दछु।

धन्यवाद ॥

**प्रकाश भरारी**
**उपाध्यक्ष**
**कपुरकोट गाउँपालिका**

"कृषि, पर्यटन र पूर्वाधारः कपुरकोट गाउँपालिका विकासको आधार"

कपुरकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**कपुरकोट, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

**पत्र संख्याः–** **www.kapurkotmun.gov.np**

**चलानी नं.:–** ☎:०८८-४१००६९, ०८८-४१००७०

## शुभकामना सन्देश

मितिः २०८०/०५/०१

कपुरकोट गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को समष्टिगत स्वास्थ्यको बिधमान अवस्था, समस्या, चुनौती, भौतिक अवस्था, जनशक्ती, जनसंख्या विवरण, जन्मदर, मृत्यूदर, खोप सेवा, मातृ तथा शिशु सेवाका साथै स्वास्थ्य संग सम्बन्धित सर्ने तथा नसर्ने रोगको बारेमा कपुरकोट गाँउपालिकाको स्वास्थ्य शाखाले आ.व २०७९।८० को स्वास्थ्य तर्फको वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गर्न लागेकोमा मलाई असाध्यै खुसी लागेको छ । स्वास्थ्य संस्था व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरुलाई गुणस्तरिय स्वास्थ्य सेवाको लागि आवश्यक काम गर्न,सुधार पद्धतिबारे बोध गराउन, स्थानिय श्रोत र साधनको समुदायमा परिचालन गर्न विगतको समिक्षा र आगामी आ.व.को लागि पृष्ठपोषण सहितको यो प्रगति प्रतिवेदनले सहयोग पुर्याउने छ भन्ने मलाई बिश्वास छ। यो प्रगति प्रतिवेदनको तयारीमा संलग्न कपुरकोट गाँउपालिकाका स्वास्थ्य शाखा प्रमुख शुवाश हमाल, पूर्व स्वास्थ्य शाखा प्रमुख अरुण दाहाल लगायत सम्पूर्ण स्वास्थकर्मी, महिला स्वास्थ्य स्वयम्सेविका र अन्य सहयोगी संघ-संस्थालाई हार्दिक धन्यवाद र सबैको उतरोत्तर प्रगतिको कामना गर्दछु ।

**भरत कुमार वली**
**प्रमुख प्रशासकीय अधिकृत**

"कृषि, पर्यटन र पूर्वाधारः कपुरकोट गाउँपालिका विकासको आधार"

# विषयसूची


| सि.नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | कपुरकोट गाउँपालिकाको परिचय | १-११ |
| २. | कपुरकोट गाउँपालिकाको अनुमानित जनसंख्या | १२-१४ |
| ३. | राष्ट्रिय खोप कार्यक्रम | १५-२३ |
| ४. | पोषण कार्यक्रम | २३-३१ |
| ५. | सामुदायमा आधारित एकिकृत बालरोग व्यवस्थापन तथा नवजात शिशु स्याहार कार्यक्रम | ३१-३८ |
| ६. | परिवार योजना कार्यक्रम | ३९-४२ |
| ७. | सुरक्षित मातृत्व कार्यक्रम | ४२-४७ |
| ८. | प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक कार्यक्रम | ४८-५० |
| ९. | सामुदायिक महिला स्वास्थ्य स्वंयम्सेविका कार्यक्रम | ५०-५३ |
| १०. | रोग नियन्त्रण कार्यक्रम | ५३-६३ |
| ११. | उपचारात्मक सेवा कार्यक्रम | ६३-६५ |
| १२. | स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यक्रम | ६६ |
| १३. | जनशक्ति व्यवस्थापन कार्यक्रम | ६७-७२ |
| १४. | एकिकृत गाउँ स्वास्थ्य कार्यक्रम (व्यवस्थापन) | ७३-७६ |
| १५. | प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण कार्यक्रम | ७७-७८ |
| १६. | आयुर्वेद सेवा कार्यक्रम | ७९-८० |
| १७. | आ.व. २०७९/८० को वार्षिक कार्यक्रम तथा खर्चको विवरण | ८१-८६ |
| १८. | आ.व. २०७९/८० मा पालिकास्तरबाट गरिएका उत्कृष्ट तथा नविनतम कार्यहरुको विवरण | ८६-८७ |
| १९. | आ.व. २०८०/०८१ को कार्ययोजना | ८८-९० |
| २०. | राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु | ९०-९२ |
| २१. | कपुरकोट जागरण अभियान अन्तर्गत गरिने कार्यहरु | ९३ |
| २२. | नोट | ९४-९५ |